"एक बहुभाषिक पत्रिका"
# ग्रामीण
राष्ट्रिय साप्ताहिक

सुचना पाउनु सबै नागरीकको अधिकार हो ।

वर्ष २ | अंक ७ | २०८१ असार २६ गते बुधवार | Wednesday 10, July 2024 | www.graminpatrika.com | पृष्ठ ६, | मूल्य रु.१०।-

## उच्च अदालतले आर्थिक वर्ष २०८०-०८१ मा ३८ सय ८० मुद्दा फछ्र्यौट




**ग्रामीण संवादाता**
**विराटनगर**

उच्च अदालतले आर्थिक वर्ष २०८०-०८१ मा ३८ सय ८० मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा ३२ सय ५४ मुद्दा अर्थात ८३.८६ प्रतिशत मुद्दा फछ्र्यौट गरेको छ।

उच्च अदालत विराटनगरमा आर्थिक वर्ष २०८०-०८१ को प्रगती विवरण सार्वजनिक गर्दै उच्च अदालत विराटनगरका रजिष्टार जगदीशप्रसाद भट्टले सो जानकारी दिएको हो।

आर्थिक वर्ष २०८०-०८१ मा जिम्मेवारी सरेर आएको मुद्दा संख्या २५ सय ४४ र नयाँ दर्ता ४८ सय ९३ गरी जम्मा ७४ सय ३७ मुद्दा रहेको थियो। जसमा ३२ सय ५४ फछ्र्यौट भयो भने ४१ सय ८३ मुद्दा बाँकी रहेको छ।

मुद्दाहरुमा निवेदन र प्रतिवेदन तर्फ जिम्मेवारी सरेर आएको १ सय ९६ र नयाँ दर्ता १ हजार ४३ गरी १२ सय ३९ रहेको थियो । जसमध्ये ११ सय ६३ फछ्र्यौट भएको र ७६ थान बाँकी रहेको छ। निवेदन र प्रतिवेदन तर्फ ९३.८६ प्रतिशत उपलब्धी भएको छ।

त्यसैगरी आर्थिक वर्ष आर्थिक वर्ष २०८०-०८१ को श्रावनमा २२३ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा १५१ वटा फछ्र्यौट, भाद्रमा ३३९ लक्ष्य लिएकोमा १९६ मुद्दा फछ्र्यौट, असोजमा ३२४ लक्ष्य लिएकोमा ११६ वटा फछ्र्यौट, कार्तिकमा १७७ लक्ष्य लिएकोमा १४६ मुद्दा फछ्र्यौट, मंसिरमा ३३८ लक्ष्य लिएकोमा १३४ मुद्दा फछ्र्यौट, पुसमा ३१६ फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा १५२ मुद्दा फछ्र्यौट भएका छन्।

त्यसैगरी माघमा ३४९ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा २३२ मुद्दा फछ्र्यौट, फागुनमा ३२५ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा सोभन्दा वढी ३७४ मुद्दा फछ्र्यौट, चैतमा ३५२ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा ३१३ मुद्दा फछ्र्यौट, बैशाखमा ३५२ मुद्दा फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा सोभन्दा वढी ४६६ मुद्दा फछ्र्यौट, जेष्ठमा ३९२ मुद्दा फ्छ्र्यौट गर्ने लक्ष्य लिएकोमा सोभन्दा वढी ५४४ मुद्दा फछ्र्यौट, अषाढमा ३९३ फछ्र्यौट गर्ने लक्ष्य लिएकोमा सोभन्दा वढी ४३० मुद्दाहरु फछ्र्यौट गरेका छन्।

उच्च अदालतले मुद्दालाई चार किसिमले वर्गीकरण गरको छन। सरल, सामान्य, विषेश र बन्दीप्रत्यक्षी करण रहेका छन्। आर्थिक वर्ष २०८०-०८१ सरल मुद्दा ८९९ जिम्मेवारी सरेको, नया १५५० गरी २४४९ मुद्दा मध्ये १३६९ फछ्र्यौट भएको छ भने १०९० मुद्दा फछ्र्यौट हुन बाँकी रहुको छ।

सामान्य मुद्दा १६४५ जिम्मेवारी सरेकको नयाँ ३३०२ गरी जम्मा ४९४७ रहेकोमा १८५४ फछ्र्यौट भएको र ३०९३ बाँकी रहेको छ । विशेष मुद्दा परेको छैन भने बन्दीप्रत्यक्षी करण नयाँ दर्ता ४१ रहेकोमा ४१ वटै अर्थात १०० प्रतिशत फैसला भएको छ।

उक्त प्रगती विवरण सार्वजनिकी करणका अध्यक्ष माननीय मुख्य न्यायधिश रमेश प्रसाद भण्डारीले भने मुद्दाको फछ्र्यौट प्रतिशत अझ बढ्छ तर त्यसको लागि जनशक्ति अभाव रहको छ । उच्च अदालतमा १२ वटा न्यायधिशहरुको दरबन्दी रहेकोमा हाल ९ जना मात्र रहेका छन्। मुद्दाको चाप अनुसार कम्तीमा १५ वटा न्यायधिश हुनपर्ने वहांको भनाई छ।

## स्कुल बसलाई बचाउन खोज्दा प्रहरीको गाडी दुर्घटना

**ग्रामीण संवादाता**
**बिराटनगर**

बिराटनगर महानगरपालिका वडा नं १५ भट्टि मोडमा बुधबार बेलुकी प्रहरीको गाडी दुर्घटना भएको छ। दुर्धटना हुने क्रममा ३० जना प्रहरीहरु घाइते भएका थिए।

घाईते भएका प्रहरी माध्यमा प्रहरी जवान संजय ओभ्का र प्रहरी सहायक निरीक्षक योगेन्द्र मगर गम्भीर



अवस्थामा रहेका छन्। घाईते भएका प्रहरीहरुको कोशी, न्युरो, नोबेल अस्पतालहरूमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

भट्टी मोडको बाटो बाट रानी तर्फ जादै गरेको सो १ ग २५५९ प्रहरीको गाडीले टर्निङमा स्कुल बसलाई बचाउन खोज्दा दुर्घटना भएको हो। प्रहरीको गाडी बिराटनगर स्थित तालिम केन्द्रको रहेको छ।

## कानेपोखरी गाउँपालिकाके ६५ करोड ५७ लाख २५ हजारटका बजेट सार्वजनिक




**विद्धयानन्द चौधरी**
**कानेपोखरी**

मोरङके कानेपोखरी गाउँपालिकामे मङ्गलदिन पत्रकार सम्मेलन केरके आर्थिक वर्ष २०८१र २०८२मे ६५ करोड ५७ लाख २५ हजारटकाके बजेट कानेपोखरी गाउँपालिकाके प्रवक्ता तथा वडा न २ का वडा अध्यक्ष सुशील बुढाथोकी पैरके सुनाईलकै।

माईङ्गके १२ करोड ८८ लाख,सङ्घीय सशर्त अनुदान २४ करोड ३९ लाख,,सङ्घीय राजश्व बाँडफाँडबाट १० करोड २६ लाख, सङ्घीय समपुरक अनुदान,१ करोड ५० लाख ,सङ्घीय विशेया अनुदानबाटे१ करोड ५० लाख रुपियाँ टका आम्दानी हेतै कैहके अनुमान करने छै । ऐनङ्गे प्रदेश समानीकरण अनुदान ८१ लाख ३४ हजार ,प्रदेश राजश्व बाँडफाँड५२ लाख २९ हजार । प्रदेश सशर्त अनुदान ५९ लाख २३ हजार , प्रदेश समपुरक अनुदान १ करोड आम्दानी हेतै।

आन्तरिक आम्दानी मे घरजग्गा रजिष्ट्रेसबाटे १ करोड ५० लाख,वडाबाट २ करोड,लदी ठेक्काबाटे २ करोड,बैंक मौज्दात र अल्या ७ करोड आम्दानी हेतै । यस्तै खर्चा चालु खर्चमे ८ करोड १ लाख र पुँजीगत खर्चमे पूर्वाधारमे ३ करोड ९६ लाख ,आर्थिक विकासमे १ करोड ३७ लाख ५० हजार ,शिक्षा तथा सामाजिक विकासमे ५ करोड २१ लाख ९६ हजार ४५ रुपियाँ खर्च हेतै कैहके अनुमान करने छै। बन वातावरण तथा विपद् ब्यवस्थापनमे १ करोड १६ लाख,संस्कृति प्रवर्द्धनमे ३३ लाख,पञ्जिकरण तथा सामाजिक सुरक्षामा सशर्त बाहेक ५ लाख ७५ हजार ,संस्थागत विकासमे १ करोड १३ लाख र भूमि व्यवस्थापनमे ४६ लाख रुपियाँ खर्च हैतै कैहने अनुमान करने छै।

पालिकाके २५ प्रतिशत अनुदानमे धान काटैवला मेसिन किनैले २० लाख रुपियाँ विनियोजन करने छै। किसान सवके सिंचाईके लागि विजलीके मिटरमे उठ्ल महसुल पालिकासे तरदेतै । जुन कार्यक्रमके लागि १० लाख रुपियाँ राख्ने छै। नयाँ माछपोखैर खोनैवला किसानके ५० प्रतिशत अनुदान कार्यक्रमके निरन्तरता देलकै।

बालि वीमाको कार्यक्रमके लागि ३ लाख रुपियाँ छुट्याएने छै ।कृषि चुन वितरणके लागि १० लाख रुपियाँ जैविक विषादी उत्पादनकोलागि ३ लाख रुपियाँ ,सुरक्षित आवासके कार्यक्रममे ५० लाख या नागरिक आवास निर्माणके लागि १ करोड रुपियाँ विनियोजन करनै छै। चालु वछर से विद्यालयके हेडसर समके फोन खर्च देतै ओकरलागि ३ लाख रुपियाँ विनियोजन करनै छै। एसइइ दयाल विद्यार्थी समके निशुल्क अतिरिक्त कक्षा सञ्चालनके लागि पालिका ५ लाख रुपियाँ छुट्याने छै।

पालिकाके अधिकांश पुरना कार्यक्रम समके निरन्तरता देने छै निशुल्क शिक्षा,पालिकाके ईच्छा । प्राविधिक विद्यामोरोजगारी कानेपोखरीको के बेटा बेटी सउसके ईच्छापुतौके शिक्षा ,अति विपन्न परिवारके सदस्यको मृत्यु संस्कारमे आर्थिक सहयोग,छात्रासँगे अध्यक्ष जस्ता कार्यक्रमसव निरन्तरता पावनै छै । पालिका यहा वछरसे विपन्न परिवार भित्रको ग वर्गका अपाङ्गता भ्याल लोक समके मासिक १ हजार रुपियाँ भत्ता दैवला ब्यवस्था सुरु करने छै ।

गाउँपालिका अध्यक्ष राजमति इङ्नामके अध्यक्षतामे भ्याल कार्यक्रममे पत्रकारसव पुछर प्रश्ननसवके अध्यक्ष इङ्नाम,प्रवक्ता बुढाथोकी या प्रमुख प्रशासकीय अधिकृत हिराकुमारी यादव जवाफ देने छेलै।

सम्मेलनमे कानेपोखरी पथरी उर्लाबारी बेलबारी र सुनदर हरैचाके पत्रकारसव एलछेलै वडा न ३ र ७ का वडा अध्यक्षसमके समेत उपस्थिति रहल छेलै।









# रेडियो नेपाल बाट राजवंशी भाषामा समाचार प्रसारण




**सुमन राजवंशी**
**कटहरी**

नेपाल सरकारको स्वामित्वमा रहेको रेडियो नेपाल बाट भरखरै २०८१ असार ३० गते देखि दिउँसो १ बजेर ४५ मिनेट राजवंशी भाषामा समाचार प्रसारण हुदै छन । नेपालको संविधान अनुसार बहुभाषिक नीति तथा अधिकार क्षेत्र भित्र रहेर यस रेडियो नेपाल तारिणि प्रसाद कोइराला स्मृति सञ्चार ग्रामले महानगर एफएम विराटनगर र रेडियो नेपाल बाट राजवंशी भाषामा समाचार प्रसारण हुदैछ।

रेडियो नेपाल र महानगर एफएम विराटनगर देखि शुरु भएको राजवंशी भाषा समाचार प्रसारण शुभारम्भ कार्यक्रमलाई संवोधन गर्नुहुँदै राजवंशी समाज विकास समितिका महासचिव चन्द्रप्रसाद राजवंशीले कार्यक्रमको शुभकामना मन्त्व दिदै रेडियो नेपाल र महानगर एफ एम लाई धन्यवाद दिनुभएको छ।

विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालाले कार्यक्रममा बोल्दै संविधानमा उल्लेख भए अनुसार बहु साँस्कृतिक, बहु धार्मिक नीतिलाई समावेशीकरण गर्दै राजवंशी भाषा समाचार प्रसारण शुभारम्भ गरेकोमा रेडियो नेपाललाई धन्यवाद दिनुभएको हो।

सो कार्यक्रमलाई संवोधन गर्दै रेडियो नेपालका कार्यकारी निर्देशक एवं सञ्चार ग्राम सञ्चालक समितिका अध्यक्ष बुद्धिबहादुर केसीले आगामी आर्थिक वर्षमा सञ्चार ग्राममा तारिणी प्रसाद कोइरालाको शालिक स्थापना गर्ने र सञ्चार ग्राम मार्फत मोबाइल एप तथा वेबसाइट सञ्चालनमा ल्याउने जानकारी गराउनुभयो।

जिल्ला प्रसाशन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद भट्टराईले कार्यक्र संबोधन गर्दै सञ्चार ग्रामबाट राजवंशी भाषाको समाचार प्रसारण हुनु सबैका लागि खुसीको कुरा भएको उल्लेख गर्नुहुँदै सञ्चारकर्मीका लुकेका प्रतिभालाई उजागर गर्दै समाचार सम्प्रेषण गर्दै जानुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा सञ्चार ग्राम विराटनगरका प्रमुख बलराम चौधरीले सञ्चार ग्रामको उद्देश्यमाथि प्रकाश पार्नुहुदै अहिले नेपाल भरी २४ ओटा भाषामा रेडियो नेपालबाट समाचार प्रसारण हुदै आएको बताए।

नेकपा एमाले मोरङका अध्यक्ष बाबुराम कार्की, राजवंशी समाज विकास समिति केन्द्रीय महासचिव चन्द्रप्रसाद राजवंशी तथा समितिका केन्द्रिय सल्लाहकार पानीलाल राजवंशीले भाषा साहित्यको विकासमा रेडियो नेपालको भूमिका महत्वपूर्ण रहेको चर्चा गर्नुभयो थियो ।कार्यक्रममा राजवंशी, मुडियारी, मधेशी, थारु लगायत विभिन्न जातीय समुदाय तथा सङ्घसंस्था प्रतिनिधिको सहभागिता थियो। शुरु भएको राजवंशी भाषाको समाचार हरेक दिन महानगर एफएम र रेडियो नेपालमा दिउसो १ बजेर ४५ मिनेटमा प्रसारण हुने छ। सो राजवंशी भाषाको समाचार प्रसतोता अनिल राजवंशी र दिपिका राजवंशीले पढने भएको छ।

# सुनवर्सि ५ न वडाके सर तथा विद्यार्थीबच्चा सवके करलकै सम्मान




**विद्ययानन्द चौधरी**
**कानेपोखरी**

सुनवर्सि ५ न वडाके सर तथा विद्यार्थीबच्चा सवके करलकै सम्मान, समृद्ध सुनवर्षीके आधारः स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार मूल नाराकेसाथ दुई बछरसे र्षदेखि सुनबर्सी ५ स्थित वडा कार्यालयईटा स कार्यक्रमके निरन्तरता देते आईव रहल छै।

एनङ् सम्मान कार्यक्रमसे विद्यार्थीसव समेत परहैले जोस जाँगर आबै छे या र शिक्षक सर सबके ह विद्यार्थीके लेल पठनपाठनमे लागिपरल छै । पाछेभी आगामी दिन मे एनङ्ग कार्यक्रम सम करतै लजाईबै कैहके वडा अध्यक्ष युगेश्वर प्रसाद ठाकुर बताईलकै। वडाले प्राथमिक तह निम्नमाध्यमिक बिधालयके छात्र, छात्रा समके बिधालयमे सवदिन उपस्थित भ्याल र जेहेन्दार बिधार्थि सबके सम्मान करने छेलै।

वडा कार्यलयके सभाहलमे भ्याल कार्यक्रममे जनता आधारभूत बिधालय नवागंन्ज बिष्णु आधारभुत, राम जानकी आधारभुत, गुलेश्वरी आधरभुत र मदरसा महिसुदिप आधारभुत बिधालय मे परहैवला १ कक्षासे ल्याके ७ सम्ममे ६० झना बालबच्चा सवके पेन्सिल, कपि, झोला, देलकै ।विद्यालयके शैक्षिक उन्नति प्रगति तथा विकासके साथ साथै अनुशासित, कर्तव्यनिष्ठ, नियमितता या विद्यार्थीको सर्वाङ्गीण विकासमे योगदान एवम् शिक्षण पेशाके थप सबल बनाईले विद्यालयके शिक्षकसमके दोसल्ला ओडाएके सम्मानसमेत करने छेलै।

बडा अध्यक्ष युगेश्वर प्रसाद ठाकुर के अनुसार शिक्षक सब आगामी दिन मे अझै बिधालय के लागि असल र अनुशासन मुल्यांकन अनुसार थप सम्मानित करते जैबे केहके ठाकुरले बताएलकै। कार्यक्रममे शिक्षा अधिकृत हरि प्रसाद कट्टेल वडा सचिव भविन कार्की वडा सदस्य स्थानीय , बिधालय कोप्रध्यानपक, शिक्षक, बुद्धिजीवी लगायत समेत के उपस्थिति रहः छेलै।

**ग्रामिण राष्ट्रिय साप्ताहिक**
**मो. ९८२७०७२१५०**

भर्ना खुल्यो !
> ल्याब टेक्निसियन-३ वर्षे
> हेल्थ असिस्टेन्ट-३ वर्षे
> कमप्युटर इन्जिनियरिङ्ग-१८ महिने
फारम भर्ने अन्तिम म्याद:- २०८१ श्रावण १३ गते सम्म
प्रवेश परीक्षा:- श्रावण १९ गते
SEE
2.0 GPA
COMPUTER ENGINEERING
SEE
सम्पर्क
नेशनल इन्स्टिच्यूट अफ् टेक्नोलोजी
विराटनगर-४, अच्यूत मिल, सप्तकोशी मार्ग
०२१-४६४३३१, ९८०२७५४१५०, ९८५२०२८४०३

भर्ना खुल्यो
भौतिक पुर्वाधारले सम्पन्न
गोल्डेन पार्क कलेज, विराटनगरमा
HA (General Medicine)
Lab Technician
Dip. in Civil Engineering
Dip. in Computer Enggineering
Dip. in Electrical & Electronics
फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते सम्म
प्रवेश परीक्षा : २०८१ श्रावण १९ गते बिहान ८:०० बजे
SEE मौका (पुरक) परीक्षामा सामेल भएका विद्यार्थीहरुले समेत फारम भर्न पाउनेछन् ।
गोल्डेन पार्क कलेज, विराटनगर
०२१-४६४३४४, ९८४२०५०४१६, ९८५२०२४६१६

"एक बहुभाषिक पत्रिका" ग्रामीण राष्ट्रिय साप्ताहिक
सम्पादक तथा प्रकाशकः संजय राजवंशी, कार्यालय प्रमुख : मोहन राजवंशी, समाचार संयोजकः राजेश कुमार राजवंशी
सहकर्मी : सरिता कर्मकार, कमला चौधरी, सल्लाहकार : श्यामसुन्दर सुतिहार, कार्यालयः विराटनगर-७,
मुद्रकः कविता प्रिन्टर्स सम्पर्क नं. : ९८२७०७२१५०, ९८१७३२०५५०
इमेलः infograminpatrika@gmail.com, Web: www.graminpatrika.com

"एक बहुभाषिक पत्रिका" ग्रामीण
मो.जि.प्र.का. दर्ता नं. २८० हु. नि. विराटनगर आ.व. २०८०/०८१/०२

# सम्पादकीय

## हुलाकी सडक रङ्गेलीको अवस्था

विराटनगर देखि रंगेलीसम्मको बाटो हिलामय भएको अवस्था छ । वर्षौं देखि हुलाकी सडक बन नसकेको कटहरी, नयाँ बजार, रामचौक, बेरिया बजार, कर्सिया, कदमाहा, बेतोनासम्म बाटो हिलामय रहेको छ । विराटनगर बाट रङ्गेली र रङ्गेली बाट विराटनगरको सडक वर्षौं देखि बाटो बन नसकेर माटो र पानिले हिलामय भएको छ । मोरङको हुलाकी राजमार्ग निर्माणमा लापर्वाही भएकोले नागरिकलाई आवतजावत गर्न समस्या भइरहेको छ । दैनिकी जनजिवन प्रभाव पार्ने उक्त हुलाकी सडकको विषयमा सामाजिक सञ्जाल तथा अन्य समाचार माध्यम बाट धेरै वर्ष देखि विरोध भइरहेको छ । कयौं पटक सडक संघर्ष पनि भएको हो । नेपाल समाजीक संघर्ष समिति बाट सडक आन्दोलन भएको अवस्थामा कटहरी गाउँपालिकाले युवा अभियानतालाई अभद्र व्याबहार मुदा सुध लगाएको थियो । सो सडकमा दुर्घटना भएर केही व्यक्तिको मृत्यु पनि भएको छ । मोरङको हुलाकी राजमार्गको ४२ किलोमिटर दुरीमा सात ओटा छुटा-छुटै प्याकेजमा ठेक्का सम्झौता भएको थियो । रङ्गेली नगरपालिकाको क्षेत्रभित्रको कालोपत्रे सकिएको छ भने ४२ किलोमिटरमध्ये २६ किलोमिटर दुरी कालोपत्रे भईसकेको छ । मोरङको रतुवामाईदेखि विराटनगरको केशलियासम्मको क्षेत्रमध्ये रतुवा-रंगेली र रंगेली बजार क्षेत्रको ६.५ किलोमिटर दुरी कालोपत्रे भईसकेको हो । धनपालथानको बेतौनादेखि नयाँ बजारसम्मको काम ६० प्रतिशत सकिएको दावी छ । नयाँ बजारदेखि कटहरीसम्मको दुरीको प्रगति ३० प्रतिशत मात्रै छ । विराटनगर बजार क्षेत्र बाहेक बरगाछी गणेश चौक-केशलिया सम्मको ३.५ किलोमिटर दुरीको काम पछिल्लो समय बढेपनि यो वर्षात्को समयमा नागरिकलाई उत्पात समस्यामा पारेको गुनासो पनि रहीआएको छ ।

# लगानी बढाएसँगै कोशी प्रदेश खेलकुदमा पछिल्लो समय आकर्षण बढ्दै



**सुनिल कुमार यादव**
**विराटनगर**

लगानी बढाएसँगै कोशी प्रदेश खेलकुदमा पछिल्लो समय आकर्षण बढ्दै गएको छ । खेलकुदका पूर्वाधार विकासले तीव्रता लिएसँगै सरकारले लिएको नीतिहरूले सबै जिल्ला र पालिकामा पूर्वाधारहरू धमाधम निर्माण हुन थालेपछि खेलाडी उत्साहित भएका हुन् । पछिल्लो समय सरकारले लिएको 'एक पालिका एक खेल मैदान'को नीतिले स्थानीय तहसम्म खेलाडी उत्पादन हुने प्रशिक्षण हुने अवस्था सिर्जना भएको छ । प्रदेश सरकारले खेलकुद क्षेत्रमा बढाउँदै लागेको लगानीले पछिल्लो समयमा खेल पूर्वाधारमा समेत कोशी प्रदेश अघि बढ्दै गएको छ । कोशी प्रदेश सरकारले गएको तीन वर्षमा पूर्वाधार विकासका लागि २७ करोड ८५ लाख रुपैयाँ खर्च गरेको छ ।

जसमा, आर्थिक वर्ष ०७८/०७९ मा २ करोड २० लाख, ०७९/८० मा ७ करोड ८७ लाख, ०८०/०८१ मा १७ करोड ७८ लाख रुपैयाँ खर्च भएका छ । यस्तै, स्थानीय तहलाई वित्तीय हस्तान्तरणतर्फ आर्थिक वर्ष ०८०/०८१ मा १६ करोड २८ लाख रुपैयाँ बजेटका १ सय १७ वटा योजना हस्तान्तरण गरेको थियो । जस्तो कि, प्रदेश सरकारले खेलकुद क्षेत्रलाई उच्च प्राथमिकतामा राख्दै काठमाडौँपछि पहिलो पटक मोफसलमा रात्रिकालीन खेलका लागि स्थायी फ्लड लाइट विराटनगरको सहिद रङ्गशालामा निर्माण गर्यो । रङ्गशालामा स्थायी लाइट जडान भएपछि विराटनगरमा रात्रिकालीन खेलकुदका प्रतियोगिताहरू हुन थालेका छन् ।

विराट गोल्डकप मात्रै नभई विद्यालय स्तरीय, कलेज स्तरीय फुटबलका साथै भेट्रान फुटबल प्रतियोगिता हुन थालेको हो । विराटनगरको चर्को गर्मीमा खेल्न बाध्य भएका खेलाडीहरू रात्रिकालीन खेल हुन थालेपछि खुसी भएका छन् । यहाँ स्थायी लाइट जडानपछि नेपाल फुटबलको राष्ट्रिय टोलीले रात्रिकालीन खेलको अभ्यास गर्न समेत आउन थालेका छन् । विराटनगरमा भएको फुटबलको रात्रिकालीन खेलमा दर्शक र खेलाडीको उत्साह देखे देश अन्य स्थानमा समेत लाइट जडान हुन थालेका छन् ।

पूर्वाधार सँगै खेलाडी प्रोत्साहनमा समेत कोशी प्रदेश अघि नै छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा पदक जित्ने खेलाडीहरूलाई प्रोत्साहन गर्नका लागि प्रदेश सरकारले अभिलेखीकरण गर्दै उनीहरूलाई पुरस्कृत र सम्मान गरेको छ । प्रदेशबाट प्रतिनिधित्व गरेको पुराना तथा नयाँ खेलाडीले पाएको पदकका आधारमा सम्मान गर्दै आएको हो । सम्मानका लागि आर्थिक वर्ष ०७८/०७९ मा १५ लाख रुपैयाँ, ०७९/०८० मा १ करोड ६ लाख, ०८०/८१ मा १३ लाख रुपैयाँ खर्च भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेश सरकारले २०७८ सालमा ७ जना ओलम्पियन खेलाडीलाई सम्मान गरेको छ । साग र एसियाली खेलका १ सय ४१ जना खेलाडीलाई सम्मान गरेको छ । नवौं राष्ट्रिय खेलकुदका ८२ जना, १३ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका ३९ जना, अन्तर्राष्ट्रिय पदक विजेता १४ जना खेलाडीलाई सम्मान गरेको हो ।

खेल र खेलाडीको विकासका साथै पूर्वाधार निर्माणमा काठमाडौँपछि रहेको खेलाडीहरूले समेत बताउँदै आएका छन् । विराटनगरको स्थायी लाइटमा फुटबलका खेलाडी मात्रै होइनन् हक्कीका खेलाडीमा समेत उत्साह देखिएको छ । प्रत्येक वर्ष विराटनगरमा हुने हक्कीको राष्ट्रिय प्रतियोगिता दिउँसो घाम हुने गरेको थियो । स्थायी लाइट जडानपछि उनीहरू सहिद रंगशालामा रात्रिकालीन खेलको अनुभव सुनाएका थिए । प्रदेश सरकारले इटहरी, धरान, झापालगायतका रङ्गशालामा पनि फ्लड लाइट केही जडान गरेको छ, भने बाँकी रहेको स्थानमा यसै वर्ष जडान पूरा गर्ने बताइएको छ ।

यसबाहेक प्रत्येक पालिकामा रङ्गशाला निर्माण, मर्मत, घेराबेरा लगायतको काम गर्दै आएको छ । भने, विभिन्न स्थानमा ब्याडमिन्टनका लागि कभर्ड हल निर्माण भई सकेका छन् भने केही अन्तिम चरणमा रहेको छ ।

**खेलाडीको दिगो व्यवस्थापनमा जोड !**

पूर्वाधारमा लगानी गरिरहेको कोशी प्रदेश सरकारले खेलाडीहरूको दिगो व्यवस्थापनमा समेत काम गर्दै आएको छ । पुरानो खेलाडीको अभिलेखीकरण सँगै खेलाडी सम्मान कार्यक्रमले खेलाडीहरूको आत्मसम्मान समेत बढ्ने सागमा स्वर्ण विजेता रहेका राम लिम्बू बताउँछन् । 'राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाएका र पदक विजेतालाई खेलाडी, प्रशिक्षकलाई सम्मान गर्ने कामले पछिल्लो पुस्ताका खेलाडीलाई ऊर्जा थपेको छ' लिम्बुले भन्छन् 'यसले पनि उनीहरूमा खेल्नु पर्छ भन्ने भावना जागृति हुन थालेको पाएको छु ।'

प्रदेश सरकारले एसियन र सागमा मेडल प्राप्त गर्ने तथा ओलम्पियनमा सहभागिता जनाएका खेलाडीलाई आजीवन भत्ता दिने विषयलाई प्रदेशले कार्यक्रममा समेट्नु पर्ने लिम्बु बताउँछन् । 'खेलाडीमा खेल्ने मात्रै नभई पदक जित्नु पर्छ भन्ने भावनाका विकाश गराउनु पर्छ, त्यस्ता खेलाडीलाई मासिक रूपमा भत्ता वा केही शीर्षक राखेर खेलाडीले पाउने नीति सरकारले ल्याए खेल्न पर्छ भन्ने भावनाको जागृति हुन बल पुग्थ्यो' लिम्बुले भने 'ओलम्पियन र एसियन खेलका खेलाडीका साथै अन्य खेलाडीहरूलाई पनि नियमित भत्ताको व्यवस्था मिलाए राम्रो हुन्थ्यो ।' लिम्बुले भने जस्तै: कोशी सरकार अन्तर्गत रहेको प्रदेश खेलकुद विकास बोर्डले 'नोटेट' अन्तर्राष्ट्रिय खेलकुदमा पदक विजेताहरूलाई प्रोत्साहनको नीति लिन अध्ययन समेत गर्दै आएको छ ।

हुनतः पछिल्लो समय प्रदेशले गरेको सम्मान कार्यक्रमले खेलाडीमा एक किसिमको ऊर्जा भने भरेको प्रतिक्रिया खेल क्षेत्रका जानकारहरूको छ । 'कहिले नभएको सम्मान प्रदेश सरकारले गरेको' भनेर खेलाडीहरू प्रदेश सरकार सँग सकारात्मक रहेका छन् । अब भने सरकारले नीति बनाएरै कुनै पनि खेल खेलेर आफ्नो जीविकोपार्जन गर्न सकिन्छ विश्वास दिलाउन सक्नु पर्ने माग खेलाडीहरूको छ । 'सरकारले एक पटक सम्मान गरेर दायित्वबाट पन्छिए जस्तो मात्रै देखियो । पहिले त यो सम्मान समेत नहुने हुँदा पछिल्लो सरकारले गरेको कार्यप्रति सम्पूर्ण खेल जगत नै उत्साहित छन' लिम्बूले भने ।

कोशी प्रदेश खेलकुद विकास बोर्डले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा पदक हात पार्ने खेलाडी तथा प्रशिक्षकलाई सम्मान गर्न थालेको छ । यसले पनि उनीहरूमा उत्साह जागेको बताएका छन् । प्रदेशबाट प्रतिनिधित्व गर्दै मुलुकको नाम उच्च पार्न खेलाडी र प्रशिक्षकको भूमिका अहम् रहने बताइएको छ । आगामी दिनमा समेत सरकारले खेल क्षेत्रलाई प्राथमिकतामा राख्दै विद्यालयमा शिक्षासँगै मैदान निर्माण गरिए खेलाडी उत्पादनमा सरकारको ध्यान रहने प्रदेश खेलकुद विकास बोर्डका सदस्यसचिव कृष्ण बस्नेत (पर्शुराम)ले बताए । सीमित स्रोतका बाबजुद कोशी सरकारले खेलकुदको लागी राम्रो वातावरण निर्माण गर्न लागी परेको बस्नेत बताउँछन् ।'सीमित कर्मचारी र प्रशिक्षकबाट काम गर्न समस्या भइरहेको छ । प्रशिक्षक र खेल संरचना पर्याप्त नहुँदा सोच अनुरूपको सफलता पाउन सकिएको छैन' बस्नेतले भने 'त्यही भएर पछिल्लो समय प्रदेश सरकारले पहाडी जिल्लामा केही खेलका संरचना तयार गरिसकेको छ भने अन्य ठाउँमा निर्माणाधीन अवस्था छ ।'

**खेलकुदमा राज्यको लगानी नै कम !**

खेलकुदमा चाख बढ्दै गए पनि राज्यले भने खेलकुदमा गरेको लगानी न्यून छ । सङ्घ सरकारसँगै अन्य सरकारहरूको समेत खेलकुद क्षेत्रमा लगानी पर्याप्त छैन । राज्यको लगानी कम रहेको स्विकार्छन् कोशी खेलकुद बोर्डका सदस्य सचिव बस्नेत । प्रदेशमा विभिन्न खेलका लागि आवश्यक भौतिक संरचना जति हुनुपर्ने हो त्यो छैन । एक पालिका एक खेल मैदानको अवधारणा अनुसार सबै ठाउँमा नयाँ संरचना बनाउने र भएका संरचनालाई स्तरोन्नतिको काम भने प्रदेशले गरिरहेको छ । बन्दै गरेका भौतिक संरचनाहरू पनि जुन गतिमा बन्नु पर्ने हो त्यो गतिमा बन्न नसक्दा खेलाडीलाई खेल प्रदर्शन गर्नका साथै नियमित प्रशिक्षण गर्न समस्या रहेको बस्नेत बताउँछन् । 'सीमित बजेटबाट असीमित कार्य गर्नुपर्ने भएकाले पनि सोच जस्तो संरचना बनाउन सकिरहेका छैनौं' बस्नेतले भने 'प्रदेश खेलकुदको सदस्यसचिव मात्रै नभई खेलकुद महासङ्घको राष्ट्रिय अध्यक्ष पनि हुँ । त्यस कारण देशभरका सबै खेल र खेलाडीका समस्यासँग राम्रोसँग भिजेको छु । राज्यले खेलकुद क्षेत्रमा गर्ने खर्चनै कम छ ।'

१८ खर्बको राष्ट्रिय बजेट आउँदा खेलकुद क्षेत्रमा ३ अर्ब ६० करोड मात्रै बजेट आएको बस्नेत बताउँछन् । हुनत : तुलनात्मक रूपमा सामाजिक विकास मन्त्रालयले गएको वर्ष १ अर्ब १० करोड पाउँदा खेलकुदलाई थोरै मात्र बजेटको व्यवस्थापन गरेको थियो । खेल र खेलाडीको विकास गर्ने हो भने बजेटको सङ्ख्या बढाउन जरुरी छ । खेलकुदमा मात्रै बजेट कम आउने हुँदा जहिले पनि दुःख सुखका साथ चलायमान बनाउन बाध्य छौं' बस्नेतले भने । खेलका नियमित प्रशिक्षण, प्रतियोगिता हुनुअघि बन्द प्रशिक्षणलगायत खेल र खेलाडीले पाउने सुविधा बजेट कम भएकाले खेलकुद क्षेत्रलाई चाहेको जस्तो बनाउन नसकिएको बस्नेत स्विकार्छन् ।

सरकारको लगानी मात्र हैन, खेलकुद क्षेत्रको कर्मचारीहरूको अभावले समेत समस्या निम्त्याइरहेको बस्नेत बताउँछन् । प्रदेश खेलकुद बोर्डमा कर्मचारी समायोजनको विषय अझैसम्म टुङ्गिएको छैन । जसले गर्दा कर्मचारीको सङ्कट प्रदेश खेलकुदले भोगिरहेको छ । 'कार्यालय सञ्चालन गर्न हामीसँग कर्मचारी कम छन् । कोशी प्रदेशमा राष्ट्रिय खेलकुद परिषद्अन्तर्गतका ९२ जना प्रशिक्षक र कर्मचारीहरू छन् । उनीहरूको हाजिर प्रमाणित गर्ने र काम लगाउने अधिकार प्राप्त गरेका छौं' सदस्यसचिव बस्नेतले भने 'तर, त्यो चाहिँ पूर्ण समायोजन भएर प्रदेश खेलकुद बोर्डमा आउने वातावरण बनिसकेको छैन । एक वर्षको कानुनी प्रावधान थियो । अब एक वर्ष नभएपछि यसलाई कानुनी रूपमै हल गर्ने विषय बनेको छ । खेलाडीहरूका समस्या धेरै छन् ।' सीमित बजेटबाट गुज्रिरहेको प्रदेश खेलकुद बजेटको सही सदुपयोग नहुँदा समेत पछि परिरहेको छ । बजेट दुरुपयोग गरेर राम्रो संरचना नबाउने, खेलाडीका लागि आएको बजेट उनीहरुले नपाउने जस्ता समस्या रहेको खेल क्षेत्रका जानकारहरू बताउँछन् । 'केही ठाउँमा बजेट दुरुपयोग भएको पाइन्छ । सही तवरबाट खर्च नभई हतार हतारमा बजेट खर्च गर्दा परिणाम नआउने र खेलाडीलाई केही फाइदा हुँदैन' बस्नेतले भने ।

राष्ट्रिय महिला फुटबल टिमका सहायक प्रशिक्षक समेत रहेका श्याम मानन्धर सरकारले खेलकुदमा गरेको लगानी बढाउनु पर्ने बताउँछन् । हुनतः सङ्घीय स्वरूपमा गएपछि समग्र खेलकुद क्षेत्रमा लगानी बढिरहेको भए पनि पर्याप्त नभएको उनको तर्क छ । 'खेलाडी सम्मानका साथै भौतिक संरचनालाई सरकार ध्यान दिएको अनुभूति भएको छ' मानन्धरले भने, 'तर, अब भनेको खेलाडीको दिगो व्यवस्थापन र खेल क्षेत्रमा लगानी बढाउने विषयमा राज्यले ध्यानपूर्वक सोच्नु पर्दछ ।'

मानन्धरले पहाडी भूगोलमा सरकारले खेल संरचना विकास गरेको विषयले पछिल्लो समय खेलकुद क्षेत्रमा आकर्षण बढिरहेको बताए । 'पछिल्लो समय सरकारले पहाडी क्षेत्रमा संरचना बनाउने योजनाका साथ अघि बढेकाले खेल क्षेत्रको विकास हुने विश्वास लागेको छ' मानन्धरले भने, 'संरचना नहुँदा खेलाडी नै उत्पादन हुँदैनन् । भोजपुर मै भन्ने हुने पहिले ९ साइडको फुटबल मैदान थियो । अहिले यसलाई स्तरोन्नति गर्दै ११ साइडको मैदानका साथै प्यारापिट बनाइएको छ । यस्तै अन्य पहाडी जिल्लामा पनि रङ्गशाला र कभर्ड हल निर्माणले गर्दा खेलाडीहरूमा उत्साह थपिएको छ ।'

# केही महत्वपूर्ण टेलीफोन नम्बरहरु

## एम्बुलेन्स सेवा

| | |
|---|---|
| मोरङ सहकारी अस्पताल | ५२३२३०, ९८४२२८२७७७ |
| जिसस मोरङ | ५३६३५३ |
| निर्माण व्य संघ | ५२३८३६, ५३०५७२ |
| नेरेसो रंगेली | ५८००४८ |
| चेतनशील मित्र परिषद् | ९८४२२६६२३१ |
| नेपाल दुरसंचार सं क संघ | ५३३३३३ |
| पूर्वाञ्चल नर्सिङ होम | ५२३१५५ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२७०७१ |
| पथरी नर्सिङ होम | ५५५३४३ |
| लायन्स क्लव सेन्ट्रले | ५३७००१ |
| जीवन वि. स. कर्सिया | ५६५०८८ |
| शनिश्चरे एम्बुलेन्स सेवा | ५५५१४४ |

## अस्पताल

| | |
|---|---|
| न्युरो हस्पिटल प्रा.लि. | ४१७४७५, ४१६०२४ |
| पोखरिया बचत एम्बुलेन्स | ९८४२२७७६६६ |
| नाइफ गार्ड एम्बुलेन्स सेवा | ९७४२०४२३३३ |
| ग्रामीण महिला जागरण | ५३१०६५ |
| च्यारेटी दृष्ट धरान | ०२५-५२१६०० |
| कोशी अं. अ. इमरजेन्सी | ५२४२३४ |
| अवधनारायण नर्सिङ होम | ५२२८११ |
| विराट नर्सिङ होम | ५२२१४४ |
| विराट मेडिकल कलेज | ४२१०६३, ४२११८२ |
| ब्लड बैंक | ५२३३२६ |
| आँखा अस्पताल | ५२३७०६ |
| मोरड सहकारी अस्पताल | ५२३२३० |
| सप्तकोशी नर्सिङ होम | ५२७९५४ |
| न्यूरो हस्पिटल प्रा.लि | ४१७४८४, ४१६२६७ |
| नौलखा डेन्टल केयर | ५२१०८२ |
| नेपाल क्षयरोग निवारण संस्था | ५२२८२७ |
| लाइफ गाई हस्पिटल | ९७४२०४२३३३ |
| गेटवेल हस्पिटल प्रा.लि. | ०२१-५२७९६८ |

## दमकल

| | |
|---|---|
| बिराटनगर वारूणयंन्त्र | ४२०००० |
| इटहरी वारुणयन्त्र | ५८०१०१ |
| धरान बारुणयन्त्र | ५२०१९९ |
| इनरूवा वारुणयन्त्र | ५६०१०१ |
| दमक वारुणयन्त्र | ०२३-५८०१०१ |
| भद्रपुर बारुणयन्त्र | ०२३-५२०१०१ |

## प्रहरी

| | |
|---|---|
| पूर्वाञ्चल क्षे.प्र.का. | ४३५००१ |
| जिल्ला प्रहरी | ५३०३५८, ५२३९०१, १०० |
| जिल्ला ट्रा.प्र.का. | ५३५३९९, १९९, ५३५५९९ |
| नगर प्र.का., विराटनगर | ५२१८५०, ५३०३६७, ११० |
| इ.प्र.का., रानी | ४३५३६४, १०८ |
| सिआरभी (ऋच्छ) | १०९ |
| इप्र.का., रंगेली | ९८५२०९०१४४ |
| इ.प्र.का., उर्लावारी | ५४०००२ |
| सिमा प्रहरी चौकी रानी | ४३५८४० |

## होटल

| | |
|---|---|
| होटल स्वागतम | ४७२४५० |
| होटल इष्टर्न स्टार | ४७१६२६ |
| होटल संगम पार्टी प्यालेस | ५३०४०३ |
| एबी होटल | ०२१-५११७७२ |
| होटल नमस्कार | ०२१-५९०९०९/५९०६०६ |
| होटल प्यासिफिक | ४७१०३६ |
| होटल मुन | ९८०२७२७७७७ |
| सगरमाथा पार्टी प्यालेस | ४७१४९३ |
| दिव्यरत्न होटल | ९८५२०३३२९६ |
| होटल पाथिभरा इन | ९८०२७६९१५२ |
| होटल श्रीकृष्ण | ०२१-५९०४६७ |

"एक बहुभाषिक पत्रिका" ग्रामीण मो.जि.प्र.का. दर्ता नं. २८० हु. नि. विराटनगर आ.व. २०८०/०८१/०२

# महानगरले किनेको मोटरबाटको भयो सफल परीक्षण

सरिता कर्मकार
विराटनगर

विराटनगर महानगरपालिकाले मंगलबार कैशलिया खोलामा मोटरबोटको परीक्षण गरिएको छ।

बर्खा मौसममा बाढी र डुबान जस्ता समस्या आइ पर्ने भएकोले उद्धारका लागि महानगरले ९ लाख ७५ हजार बराबरको मोटरबोट खरिद गरि परीक्षण गरिएको हो । मेयर नागेश कोइराला, उपमेयर शिल्पा निराला कार्की र प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र पराजुलीलाई मोटरबोटमा राखेर नगर प्रहरीले परीक्षण गरेको थियो । वर्षाको समयमा बाढी र डुबानमा फसेका नागरिकलाई उद्धारमा सहज हुने मेयर नागेश कोइरालाले बताए। उनका अनुसार इन्जिन जडान नगरिकन पनि बोटलाई सञ्चालन गर्न सकिन्छ।



विराटनगरको पूर्वमा सिंघिया र पश्चिममा कैशलिया खोला भएका कारण स्थानीयले हरेक वर्ष बाढी र डुबानले सास्ती खेप्नुपरेको छ । महानगर संग यसअघि रबरबोट मात्रै थियो । मोटरबोट खरिद गरिएसँगै बाढी र डुबानमा फसेका महानगरवासीलाई तत्कालै उद्धार गर्न सहज भएको मेयर कोइराला बताए । यसअघि बाढीमा फसेका नागरिकलाई उद्धारका लागि सशस्त्र प्रहरीसहित अन्य सुरक्षा निकायबाट मोटरबोट मगाउनुपर्ने बाध्यता थियो ।

परीक्षणपछि उपमेयर शिल्पा निराला कार्कीले बाढीको विपदमा परेका नागरिकलाई तत्कालै उद्धार गर्न सहज होस् भनेर मोटरबोट खरिद गरिएको बताईन् । महानगरले आवश्यक महसुस गरेर खरिद गरेको उहाँको भनाइ थियो ।


प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र पराजुलीले
काठमाडौंबाट खरिद गरेर ल्याइएको मोटरबोटको परीक्षण सफल भएको प्रतिक्रिया दिए।

नगर प्रहरी निरीक्षक राजन पौडेलका अनुसार खरिद गरेको कम्पनीले नगर प्रहरीलाई सञ्चालनको सम्पूर्ण जानकारी दिनेछ। त्यसपछि नगर प्रहरीले मोटरबोट आफैं जडान गर्ने र सञ्चालन गर्ने पौडेलले जानकारी दिए। नगर प्रहरीका ४ जनाले बाढी र डुबानमा परेका नागरिकको मोटरबोटबाट उद्धार गर्न विशेष तालिमसमेत लिइसकेका छन् ।



















"एक बहुभाषिक पत्रिका" ग्रामीण मो.जि.प्र.का. दर्ता नं. २८० हु. नि. विराटनगर आ.व. २०८०/०८१/०२

# पृथ्वी बचाउ अभियान धनपालथान गाउँपालिका

**मोहन राजवंशी**
**विराटनगर**

मोरङको प्रतिनिधिसभा सदस्य क्षेत्र नम्बर ५ का स्वतन्त्र सांसद योगेन्द्र मण्डल - जोगी ) ले मोरङको धनपालथान गाउँपालिका वडा नम्बर ४ कर्सिया बजारदेखि भारतीय सीमा क्षेत्रसम्म पुग्ने सडकको किनारामा वृक्षारोपण अभियान सुरु गरेका छन्।

जीवन विकास समाजले एक औपचारिक कार्यक्रम गरी सो अभियानको उद्घाटन गरिएको थियो । धनपालथान गाउँपालिका र मेट लाइफ इन्स्योरेन्सले सहयोग गरेको उक्त अभियान सञ्चालनका लागि श्री जिरो क्लब र जीवन विकास लघुवित्त वित्तीय संस्थासँग सहकार्य गरिएको छ।

सांसद मण्डलको योजना अनुसार पहिलो चरणमा कालोपत्रे सडकको दाँया र बाँया बिरुवा रोप्ने र वातावरण स्वच्छ राखन सकने सानो प्रयास रहेको छ। पृथ्वी बचाउने अभियान अन्तरगत कालोपत्रे सडकको किनारमा बिरुवा रोप्ने उनले बताए । कालोपत्रे सडक वातावरणीय हिसाबले हानिकारक रहेको बताउँदै उनले वातावरण संरक्षणका लागि सडक किनारमा वृक्षारोपण गर्न आग्रह आम नागरिकलाई समेत आग्रह गरेका छन्।

धनपालथान गाउँपालिका अध्यक्ष जिवछ प्रसाद गच्छदारले पृथ्वी बचाउ अभियान अन्तरगत पालिका भित्रका सडकमा रोपिएका बिरुवा संरक्षण गरेर हुर्काउने बताए । सडकमा रोपिएको बिरुवाको संरक्षणका लागि पालिकाले सबैसँग सहकार्य गरेर काम गर्ने जानकारी दिए।




कोशी प्रदेश पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले प्रदेशमा वन विस्तारका लागि मन्त्रालयले काम गरिरहेको बताउदै वृक्षारोपण र वातावरण संरक्षणका लागि मन्त्रालयले निरन्तर सहयोग गरिरहने उनको भनाई छ।

जीवन विकास लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत संजयकुमार मण्डलले लघुवित्तले पनि वातावरण संरक्षणको क्षेत्रमा निरन्तर अभियान सञ्चालन गरिरहेको जानकारी दिए । शून्य गरिबी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जनको लक्ष्यसहित श्री जिरो क्लब गठन र सामाजिक कार्यमा युवा परिचालनका लागि काम गरिरहेको बताउँदै उनले रोपिएका विरुवालाई माया गरेर हुर्काउन आग्रह गरेका थिए।

भर्ना खुल्यो !

स्वास्थ्य प्राविधिक विषयहरू (३ बर्षे)

डिप्लोमा इन फिजियोथेरापी
मेडिकल ल्याव टेक्नोलोजी (CMLT)
सामान्य चिकित्सा (HA)
डिप्लोमा इन फार्मेसी (DPH)
पि. सि. एल. नर्सिङ

(SEE उतिर्ण गरी न्यूनतम औसत 2 GPA भएका विद्यार्थीहरुका लागि)

फारम भर्ने अन्तिम मिति २०८१/०४/१३ गते
प्रवेश परिक्षा मिति २०८१/०४/१९

थप जानकारीको लागी

कोशी हेल्थ ईन्स्टिच्युट
तिनपैनी, बिराटनगर-१, मोरङ, नेपाल
सम्पर्क नं.:- ०२१-५१२५८४, ९८५२०३१२७४

हामीसँग तपाईको क्लिनिकल क्यारियर सुरु गर्नुहोस् ।

बिराटनगरको गोल्डेन अस्पतालमा CTEVT बाट सम्बन्धन प्राप्त
H.A. को लागि

100% Job Placement

भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।

हाम्रा विशेषताहरू
- गुणस्तरीय शिक्षा ।
- स्वास्थ्य सेवाको उच्च प्रख्यात प्रवेशद्वार ।
- आफ्नै अस्पतालमा प्र्याक्टिकलको व्यवस्था ।
- रोजगारीको लागि मार्गदर्शनको व्यवस्था ।
- उच्च योग्य विशेषज्ञ चिकित्सकहरूद्वारा पठनपाठनको व्यवस्था ।
- होस्टेल सुविधाको व्यवस्था ।



फारम खुल्यो
प्रवेश परीक्षा अन्तिम मिति

H.A. प्रोग्राममा भर्ना खुल्यो !

गोल्डेन हस्पिटलद्वारा संचालित गोल्डेन मल्टिटेक्निकल कलेज, विराटनगरमा H.A. Program
गरिब तथा जेहेन्दार विद्यार्थीहरुका लागि विशेष छुटको सुविधा (सर्तहरु लागू हुनेछ)

गोल्डेन मल्टिटेक्निकल कलेज
गोल्डेन हस्पिटल प्रा. लि. को व्यवस्थापनमा विराटनगर, मोरङ
सम्पर्क: ९८०२७१३०७४/९८०५३४१५७६

नोट : सिट सिमित भएकोले चाँडै सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी

अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिसौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

BIRAT
HEALTH COLLEGE

भर्ना खुल्यो !

प्रदेश नं. १ मा भौतिक पूर्वाधारले सम्पन्न तथा सम्बन्धित परिषदबाट स्थायी मान्यता प्राप्त, यस बिराट हेल्थ कलेजमा भर्ना खुल्यो ।

सञ्चालित कार्यक्रमहरु:
PCL Nursing
HA (General Medicine)
D. Pharmacy
Lab Technician
Radiography

शुल्क: रु. १,५००/-
फारम भर्ने अन्तिम मिति: २०८१ श्रावण १३ गते सम्म ।
प्रवेश परीक्षा: मिति २०८१ श्रावण १९ गते बिहान ८ बजे देखि ।

सम्पर्क:
विराट हेल्थ कलेज, विराटनगर
Website : www.birathealthcollege.edu.np
०२१(४२०९७३, ४२०९७४, मो.९८४२०४५०४०

# गौरीगंज गाउँपालिकाले ४९ करोड ५३ लाख ७१ हजार ८ सय ५१ रुपैयाँ बराबरको बजेट ल्यायो

ग्रामीण संवादाता
झापा

गौरीगंज गाउँपालिकाले २०८१ र ८२ को लागि ४९ करोड ५३ लाख ७१ हजार ८ सय ५१ रुपैयाँ बराबरको बजेट ल्याएको छ । उक्त बजेट पालिकाकी उपाध्यक्ष पुजन न्यौपाने कुवँरले आज आइतबार १५ औं गाउँसभाको दोस्रो वैठकमा प्रस्तुत गरिन् । उपाध्यक्ष न्यौपानेद्वारा प्रस्तुत अनुमानित बजेटमा कुल खर्च चालुतर्फ ९ करोड ५३ लाख रुपैयाँ छुट्टाइएको छ। पुँजीगत तर्फ ६५ लाख खर्च हुने अनुमान गरिएको छ । त्यसैगरी वडागत वजेट सिलिङ्ग अन्तर्गत वार्ड नं. १ लाई ४५ लाख, वार्ड नं. २ लाई ४० लाख, वार्ड नं. ३ लाई ४० लाख, वार्ड नं. ४ लाई ४० लाख, वार्ड नं.५ लाई ४० लाख र वार्ड नं. ६ लाई ४० लाख रूपैयाँ वजेट छुट्टाएको छ ।

सामाजिक विकास अन्तर्गत शिक्षामा २ करोड ५० लाख, स्वास्थ्यतर्फ १ करोड ५०लाख, कृषि तथा पशु सेवामा २ करोड तीस लाख, उद्यम विकास तथा आयमूलक सीपमुलकमा १५ लाख, युवा तथा खेलकुदमा १५ लाख, संस्कृति प्रबर्द्धनमा १५ लाख, महिला लक्षित कार्यक्रममा १८ लाख, बालमैत्री गाउँपालिकामा २० लाख, आदिवासी जनजाति लक्षित कार्यक्रममा ७ लाख, दलित समुदाय लक्षित कार्यक्रममा ३ लाख, जेष्ठ नागरिक लक्षित कार्यक्रममा ३ लाख, खानेपानी तथा सरसफाईमा १० लाख, मधेसी मुस्लिम र पिछडावर्ग लक्षित कार्यक्रममा ३ लाख र अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम ( प्रदेश सरकार, गाउँपालिका र करुणा फाउण्डेशन नेपालको त्रीपक्षिय साझेदारीमा) मा ५५ लाख रुपैयाँ वजेट छुट्टयाइएको छ । गाउँपालिका अगाडि स्मारक निर्माणका लागि १० लाख र प्रत्येक वडाका १०० विपन्न घर परिवारलाई ८०/२० लागतमा साझेदारीमा स्वास्थ्य विमा सेवा १६ लाख असी हजार रुपैयाँ बजेट विनियोजन भएको छ।

गाउँसभाको छलफल सत्रमा वडा सदस्य राजभक्त सुनुवार, सुशील राई, रिता तामाङ्ग, शैलेन्द्र ताजपुरियालगायतले गुनासो सहित विनियोजित वजेटमा केही संशोधन गर्नु पर्ने र सुझावहरु राखेका थिए।

वार्ड नं. २ को वडा बजेट अन्तर्गत तुलाचन देखि टटुवामारी सडक खण्ड पिच निर्माण गर्नु पर्ने भन्दै आएको र सोही अनुसार वडा वजेटमा समेटिएपनि त्यसलाई संशोधन गरिएकोमा वडा सदस्य रिता तामाङ्गले आक्रोस पोखेकी थिइन।

गाउँपालिकाका अध्यक्ष फूलवती राजवंशीले असार १० गते नै निति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। उपाध्यक्ष पुजन न्यौपाने कुँवर वार्षिक वजेत तथा कार्यक्रम प्रस्तुत गरेकी थिईन् । कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत खेमराज थापा, कार्यपालिका सदस्यहरू, शाखा कार्यक्रमका प्रमुख तथा कर्मचारीहरू सहभागी थिए भने वार्ड नं. १ देखि ६ सम्मका वडा अध्यक्षहरु गाउँसभामा उपस्थित थिए।

गाउँपालिकाको गौरवको आयोजनाहरु

गाउँपालिकाको वडा नं १ देखि ६ सम्मै कालो पत्रे निर्माणका लागि जम्मा ३ करोडमा प्रत्येक वडा लाई ५०/५० लाख बजेट विनियोजन भएको छ।

१. वार्ड नं. १ मा कुञ्जीवारी बजारदेखि पूर्व बनियानी खोलासम्म ड्रेनसहित कालोपत्रे सडक निर्माण,

२. वार्ड नं. २ लेल्टु फर्निचरदेखि जनता आधार भूत विद्यालय जोड्ने कालोपत्रे सडक निर्माण ( संशोधन हुन सक्ने)

३. वार्ड नं. ३ मा गौरी सहकारी संस्थादेखि पश्चिम ज्ञानकुञ्जजाने सडकमा ड्रेनसहित कालोपत्रे सडक निर्माण।

४. वार्ड नं. ४ मा नयाँहाटमा बजार व्यवस्थापन तथा टहरा निर्माण।

५. वार्ड नं. ५ मा निरबहादुर श्रेष्ठको घरदेखि दक्षिण चिल्हारा -मल्हाटोलीहुँदै फत्तेहपुरसम्म कालोपत्रे सडक निर्माण।

६. वर्डा नं. ६ मा नयाँलाल राजवंशीको घरदेखि पूर्व अस्पताल जाने बाटोर र सतिस दासको घर देखि उत्तर कृष्ण उप्रेतीको घरसम्म कालोपत्रे सडक निर्माण।

गाउँपालिकाको गत आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक गरेको धेरै नीति तथा कार्यक्रमहरूलाई प्राथमिकताको आधारमा निरन्तरता दिएको छ । सामुदायिक विद्यालयको कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीलाई निःशुल्क शिक्षालाई निरन्तरता दिई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था, छोरीलाई आर्थिकरुपमा सक्षम बनाउन छोरी जन्मेपछि छोरीको नाममा बाल खाता वचत कार्यक्रम, अस्पतालमा थप उपकरणसहित २४ घण्टे सेवा सञ्चालन, न्यायिक सेवालाई व्यवस्थित गरी क्षमता अभिवृद्ध गर्ने, खानेपानी पाईप विस्तार, विपन्न परिवारलाई निशुल्क विमा कार्यक्रम, गाउँपालिकाद्वारा सञ्चालित प्रसुति केन्द्रमा सुत्केरी हुन नसकी अन्यत्र रेफर गर्नु पर्ने अवस्था भएका जटिल प्रकृतिका गर्भवती तथा सुत्केरीहरूलाई गौरीगंज अस्पतालसम्म पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा उपलब्धि गराउने र अस्पतालले रेफर गरेको दमकको अस्पतालहरुसम्म पुर्याउन निशुल्क एम्बुलेन्स सेवाउपलब्ध गराउने, दीर्घ रोगी नागरिकलाई उपचार खर्च उपलब्ध गराउने, दुःखको साथी, भरोसा राखौं , कृषि विद्युतीकरण, सामुदायिक विद्यालयका कक्षा ९ का छात्रा विद्यार्थीलाई साइकल वितरण, सामुदायिक विद्यालयका ११ र १२ कक्षामा अध्ययनरत विद्यार्थीलाई निशुल्क शिक्षा लगायतका कार्यक्रमहरूलाई निरन्तरता दिईएको छ ।

# शिक्षादीपमा कक्षा ११ का विद्यार्थीहरुको लागी अभिमुखीकरण कार्यक्रम



सरिता कर्मकार
विराटनगर

विराटनगर १० स्थित रहेको शिक्षादीप कलेजले कक्षा ११ मा भर्ना भएका विद्यार्थीलाई स्वागत गर्दै अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ।

बिहीबार कलेजले कक्षा ११ का नयाँ विद्यार्थी, शिक्षक-शिक्षिका र अभिभावकहरुलाई राखेर अभिमुखीकरण कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रममा सहजीकरण गर्दै अभिप्रेरक तथा कार्यक्रमका प्रमुख अतिथि डाक्टर मिलन गैह्रेले आफनो अनुभव सुनाउदैं शिक्षादीपले नयाँ विद्यार्थीलाई उत्प्रेरित गर्न हरसम्भव कोसिस गरेको बताए।

उनले अफठ्रो परिस्थतीमा पनि विद्यार्थीहरुले आफूहरु कसरी अगाडी बड्ने, अध्ययन गर्दै जादा विभिन्न चुनौंतीहरु आउछन् त्यसलाई कसरी हल गर्ने जस्ता महत्वपूर्ण कुराहरु सेयर गरेका छन्।

कार्यक्रमलाई सम्बोधन गर्दै कलेजका संस्थापक अध्यक्ष तथा कोशी प्रदेशसभा सदस्य भीम पराजुलीले उज्ज्वल भविष्यको कल्पनासहित शिक्षादीप भर्ना भएका विद्यार्थीहरूलाई शुभकामना दिएका छन्।

विद्यार्थीले आफ्नो मात्र नभएर परिवार, समाज र देशका लागि केही गर्ने अठोटका साथ अगाडि बढ्नुपर्ने उल्लेख गर्दै विगतका नतिजाले नभई वर्तमानको मेहनतले भविष्यको टुङगो लगाउने बताए।

त्यस्तै कलेजका प्रिन्सिपल ज्ञानबहादुर खड्काले अबका दुई वर्षमा विद्यार्थीहरूमा आउने चुनौतीको सामना गर्न अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको बताएका छन्।

प्रवीणता तह जिन्दगीको टर्निङ प्वाइन्ट भएको उल्लेख गर्दै जब विद्याथीहरुको सफल्तामा अभिभावकहरुको खुशी हुने दिन आउछ त्यो दिनमात्र कलेज परिवार खुशी हुने बताउदैं यो समयको सदुपयोग गर्दै आफ्नो भविष्य उज्ज्वल पारेर आफ्ना अभिभावकको सपना पूरा गरी कलेजको लक्ष्य साकार गर्न शुभकामना दिएका छन्।

कलेजका सहप्राध्यापक ललितकुमार मण्डल,विज्ञान संकायका कोर्डिनेटर नवीन राय, कलेजका चिफ डायरेक्टर रमेशकुमार मण्डल लगायतले विद्याथीहरुको उज्ज्वल भविष्यको कामना गर्दै शिक्षादीप कलेजनैं रोजेकोमा विद्यार्थी र उनीहरूका अभिभावकलाई धन्यवाद दिए।

अनुशासन र गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राखेर कलेज अगाडि बढिरहेको उनीहरुले बताए।

कार्यक्रममा हालै शिक्षादीपमा भर्ना भएका विद्यार्थीहरूले अरू कलेजबीच शिक्षादीप रोज्नुको कारणबारे आफ्नो धारणा समेत प्रस्तुत गरेका थिए।

